कमलबजार नगरपालिका नगर सभाको १४ औं बैठकमा

नगर उपप्रमुख शारदा कुमारी विष्ट ले

प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८१/८२ को

# बजेट बत्तव्य

कमलबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय कमलबजार, अछाम

सुदुरपश्चिम प्रदेश, नेपाल

३०, असार २०८१

# कमलवजार नगरपालिकाको १४ औ नगरसभा बजेट तथा कार्यक्रम प्रस्तुति

कमलबजार नगरपालिकाको नगर सभामा नगर उपप्रमुख श्री शारदा कुमारी विष्ट ज्यु ले आर्थिक बर्ष २०८१/८२ का लागि मिति २०८१ असार २१ मा पेश गर्नु भएको बजेट तथा कार्यक्रम

**नगर सभाका सभाध्यक्ष ज्यू,**
**नगर सभाका सदस्य ज्यूहरु,**

**कमलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरु सम्पुर्ण सञ्चार माध्यमका प्रतिनिधीहरु र उपस्थित महानुभावहरु तथा प्रत्यक्ष प्रसारण मार्फत सुनिरहनु भएका नगर बासी आमाबुवा दाजुभाई तथा दिदिबहीनीहरु,**

- सर्वप्रथम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम कमलबजार नगरपालिका नगर उप प्रमुखको हैसियतले कमलबजार नगरपालिका नगर सभाको १४ औ अधिवेशनको दोस्रो बैठकमा आगामि आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा मैले आफुलाई गौरावाम्वित महसुस गरेकी छुं । यस अवधीमा नगरपालिका संग सम्बन्धित सबै राजनितिक दल सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक बुद्दिजिवि सरोकारवाला हरु र आम नगरवासिहरुको साथ सहयोग र सहकार्यका लागी आवहान गर्दछु ।
- यस अवसरमा मुलकको साशकिय प्रणालि र समाजको आर्गगामी रुपान्तरण एवं नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पुर्ण देश भक्त नागरिक हरुले राष्ट्रनिर्माणमा पुर्याउनु भएको योगदान को कदर गर्दै उच्च सम्मानका साथ स्मरण गर्न चाहान्छु ।
- विगत झै यस कमलबजार नगरपालिकाले अछाम जिल्ला भित्रका सम्पुर्ण संघ, प्रदेश र स्थानिय तह संग को सहकार्य समन्वय र सहअस्तित्व को संबैधानिक अन्तर सम्बन्ध को मान्यता लाई निरन्तरता दिदैं नगरको समग्र विकासमा आवश्यक सहयोग पुग्ने गरी कर्य सम्पादन गर्ने गराउने विश्वास दिलाउदै सोहि बमोजिमको अपेक्षा लिएको छु ।
- स्थानीय तहको दोस्रो निर्वाचन सम्मपन्न भई निर्वाचित जनप्रतिनिधि हरुले कार्यभार समालेको २ वर्ष अवधि पुरा भैसकेको छ ।यसै क्रममा नेपालको संविधान स्थानिय सरकार सञ्चालन ऐन र प्रचलित कानुन तथा नगरपालिका द्बारा निर्माण भएका विभिन्न ऐन कानुनको कार्यान्वयन मार्फत विधिको शासन उपलब्धिका लागी अभ्यास गरिदै आएको छ ।
- सुन्दर, समुन्नत र समृद्ध नगरपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त नगरबासीहरुको समृद्धिको चाहना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटलाई अभिमुख गरेका छौ ।

**सभाका अध्यक्ष महोदय,**

कमलबजार नगरपालिका को बागामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- कमलबजार नगरपालिका को आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकार र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- कमलबजार नगरपालिका को आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- स्थानीय तह स्व-मूल्याङ्कनका आधारहरु
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधिका आधारहरु
- विगतका आर्थिक वर्षहरुमा  नगरपालिका ले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु
- विभिन्न साझेदार संस्थाहरुसंग भएका सहकार्यको प्रतिबद्धता
- नगरपालिका आन्तरिक श्रोत साधनहरु
- सम्बद्ध कानुनी व्यस्थाहरु ।

**सभा अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८०/०८१ को वजेट कार्यान्वयनको संक्षिप्त समीक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- चालु आर्थिक वर्ष २०८०/०८१ को लागि चालु तर्फ रु ४० करोड २६ लाख ८४ हजार ४ सय ६३ रुपैया ६४ पैसा र पुँजीगत तर्फ रु १४ करोड १४ लाख ८० हजार ७ सय १६ गरी कूल रु ५४ करोड २७ लाख ६५ हजार १ सय ७९ रुपैंया ६४ पैसा विनियोजन भएको थियो
- २०८१ असार २४ गतेसम्म चालु तर्फ रु ३५ करोड ०२ लाख ५७ हजार ७ सय ५३ रुपैंया २० पैसा खर्च भएकोछ. जुन कूल चालु बजेटको ८६.९८ प्रतिशत हुन आउँछ, त्यसैगरी पुँजीगत तर्फ रु ९ करोड ७६ लाख १० हजार ३ सय  खर्च भएकोछ.जुन कूल पुँजीगत बजेटको ६८.९९ प्रतिशत हुन आउँछ ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- स्थानीय सरकार संचालन ऐन २०७४ को प्रभावकारी कार्यन्वयन गर्नु।
- संघियताको सफल कार्यान्वयन गर्न स्थानीय तह देखि सुदृढिकरण गर्नु ।
- कमलबजार नगरपालिकाका जनताहरुको माग र चाहानको सम्वोधन गर्नु ।
- स्थानीय स्तरमा विकास निर्माणका कार्यलाई निरन्तर गति दिनु ।
- स्थानीय उत्पादन र उत्पादत्व अभिबृद्धी गर्नु ।
- आर्थिक विकासका पक्षहरुलाई आत्मसात गरी विकास निर्माणका कार्य तर्जुमा गर्नु ।
- स्थानीय जनताको सुख र समृद्धी हासिल गर्नु ।

**सभा अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने क्षेत्रमा लगानी ।
- जनताको जिवनस्तर, आम्दानी र रोजगारीमा वृद्धि ।
- स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग ।
- लैंगिक समानता र सामाजिक समावेशिकरण अभिवृद्धि ।
- महिला, वालवालिका तथा पिछडिएका क्षेव र समुदायलाई प्रत्यक्ष लाभ ।
- दीगो विकास, वातावरण संरक्षण र सम्बर्द्धन गर्न सघाउ ।
- पूर्वाधार विकास तथा ग्रामीण विद्युतीकरण ।
- प्रभावकारी सार्वजनिक सेवा, सुशासन प्रवर्द्धन र सामाजिक न्याय सुनिश्चित ।
- फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलको सरसफाई ।
- ऐतिहासिक स्थलहरुको संरक्षण तथा सम्बर्द्धन ।
- स्थानीय लोक संस्कृति तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण ।
- पर्यटन विकास ।

**सभाध्यक्ष महोदय,**

**बजेटले लिएको उद्देश्य हाँसिल गर्न निम्नानुसारका सुधार प्रस्ताव गरेको छु ।**

- आगामी वर्ष देखि नगरपालिकालाई बजेट सिमा निर्धारण भए अनुसार बैशाख १५ गते भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता नगरसभामा पेश गर्ने व्यवस्था मिलाईनेछ। यसबाट विनियोजन विधेयक सिदान्त र प्राथमिकता उपर प्रयाप्त छलफल गरि नगरसभा सदस्यहरुबाट प्राप्त मार्गदर्शन र सुझावका आधारमा यथार्थपरक वजेट तर्जुमा गर्न सघाउ पुग्नेमा दृढ विश्वास लिएको छु।
- आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना भाद्र १० गते भित्र नै तर्जुमा गरि कार्यान्वयन शुरु गरिने छ ।
- स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने वडा कार्यलयहरु, विषयगत शाखाहरुले श्रावण मसान्त भित्र कार्यान्वयन निर्देशिका तयार गरि लागु गर्नेछन।
- सार्वजनिक खरिद कार्यलाई सरलीकृत, पारदर्शी र प्रभावकारि वनाउन नगरपालिका सार्वजनिक खरिद ऐन र नियमावली निर्माण गरिनेछ ।
- विद्युतिय खरिद प्रणालीलाई जोड दिदै प्रतिस्पर्धाको सिर्जना गरि उचित मूल्यमा गुणस्तरीय वस्तु र सेवा आपूर्तिको व्यवस्था गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्षको बजेट विनियोजनका लागि प्राप्त भएका स्रोतहरुको आधार लिई नगरपालिकाको आय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- **आर्थिक वर्ष २०८०।८१ को आय-व्यय विवरणः**

| **क्र.सं.** | **आम्दानीका स्रोत** | **रकम रु.** |
|---|---|---|
| १ | **संघीय सरकारबाट प्राप्त अनुदान** | **३५ करोड ६१ लाख** |
| १.१ | वित्तीय समानिकरण अनुदान | ८ करोड ७७ लाख |
| १.२ | ससर्त अनुदान | २५ करोड१९लाख |
| १.३ | विशेष अनुदान | १ करोड ५५ लाख |
| १.४ | समपुरक अनुदान | ० |
| २ | **सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१ करोड ६० लाख ५० हजार** |
| २.१ | वित्तीय समानिकरण अनुदान | ७५ लाख ५० हजार |
| २.२ | ससर्त अनुदान | ० |
| २.३ | विशेष अनुदान | ८५ लाख |

| | | |
|---|---|---|
| **३** | **राजस्व बाँडफाडबाट प्राप्त रकम** | **९ करोड ९१ लाख** |
| ३.१ | संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँड | ९ करोड ९१ लाख |
| ३.२ | **सुदूरपश्चिम** प्रदेश सरकार बाट प्राप्त राजस्व बाँडफाँड | २१ लाख ९७ हजार |
| ४ | आन्तरिक स्रोत | ३९ लाख |
| ४.१ | बैंक मौज्दात अ.ल्या. | ३ करोड ८४ लाख ५३ हजार |
| कुल आय | | ५२ करोड २६ लाख ६५हजार |

**सभा अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८१/०८२ को अनुमानित व्ययको शिर्षगत विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

| सिन | शीर्षकहरु | रकम रु |
|---|---|---|
| १ | संघबाट सशर्त तर्फ अनुदान | २५ करोड २९लाख |
| २ | विशेष अनुदान संघिय सरकार | १ करोड ५५ लाख |
| ३ | समपुरक अनुदान प्रदेश सरकार | ६८ लाख ५० हजार |
| ४ | विशेष अनुदान प्रदेश सरकार | ८५ लाख |
| ५ | कृषि शाखा | १५लाख |
| ६ | पशु सेवा शाखा | १५ लाख |
| ७ | पूर्वाधार बिकास | १ करोड २०लाख ५० हजार |
| ८ | महिला,बालबालिका ,तथा जेष्ठ नागरिक शाखा | ८ लाख |
| ९ | शिक्षा तर्फ | ४ करोड १० लाख |
| १० | स्वास्थ्य | ५० लाख |
| ११ | पोषण शाखा | ५ लाख |
| १२ | सुचना प्रविधी शाखा | ५ लाख |
| १३ | खाने पानी तथा सर्सफाई शाखा | ६ लाख |
| १४ | न्यायिक समिति | ५ लाख |

| | | |
|---|---|---|
| १५ | बन बातावरण तथा बिपद् व्यवस्थापन तर्फ | ८ लाख |
| १६ | कार्यालय संचालन तथा व्यवस्थापन | ७ करोड |
| १७ | साझेदारी (Matching) | २ करोड |
| १८ | वडा कार्यालय पुजिंगत | ४ करोड ५० लाख |
| १९ | नगर प्रमुख | ७५ लाख |
| २० | नगर उपप्रमुख | ७५ लाख |
| २१ | वडा कार्यालय चालु | ७० लाख |
| २२ | कमलबजार दलित एकता समाज | ८ लाख |
| २३ | आ.व २०८०-०८१ को भुक्तानी दिन बाकि रकम | १ करोड ६३ लाख ५० हजार |
| जम्मा | | ५२ करोड २६ लाख ५० हजार |

**सभाध्यक्ष महोदय,**

अब म, आगामी आर्थिक वर्ष २०८१। ०८२ को बजेटका मुख्य मुख्य क्षेत्रगत कार्यक्रम विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- आर्थिक वर्ष २०८१।०८२ को प्रशासनिक कार्य र दैनिक कार्यालय संचालन का लागी रु. ७ करोड बजेट विनियोजन गरेको छु ।
- सुशासन क्षेत्रको विकासका लागी विद्युतीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयन र इन्टरनेट सेवाको विस्तार वडा कार्यालय स्वास्थ्य संस्था सम्म बिस्तार गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- कमलबजार नगरपालिकाको प्रशासकिय भवनका लागि आवश्यक पर्ने जग्गा, कोल्ड स्टोरका लागि आवश्यक पर्ने जग्गा र डम्पिङ्ग साइटका लागि आवश्यक पर्ने जग्गा प्राप्तीका लागि आवश्यक बजेट विनियोजन गरेको छुं।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यलाई उच्च प्राथमिकतामा राखि क्षमता विकास कार्यक्रय संचालनको लागि आवश्यक बजेटको व्यवास्थापन गरेको छु ।
- स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार गठित न्यायीक समिति र सो को व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

- कानूनको समयानुकुल संशोधन र निर्माण गर्ने कार्यको निरन्तरता दिदै पालिकाको कानूनी व्यवस्थालाई सहजीकरण गर्ने कार्यमा जोड दिएको छु ।
- प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुन सक्ने बिभिन्न विपद जोखिम न्यूनीकरण, रोकथाम तथा पुनःस्थापना कार्यका लागी आवश्यक बजेट विनियोजन गरेकोछु ।
- गुणस्तरिय शिक्षा आजको आवश्यकता भन्ने मान्यतालाई आत्मासाथ गर्दै नगर शिक्षक अनुदान र अन्य कार्यक्रमलाई निरन्तरताका लागि रु.४ करोड १० लाख विनियोजन गरेको छु।
- वहुक्षेत्री पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रमको निरन्तरता का लागी आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रमको निरन्तरताका निमित्त आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिकाको कृषि उत्पादनमा बृद्धि गर्न, कृषकहरुको खेतबारीको माटो परीक्षण र कृषकहरुको मनोबल उच्च राख्न लगायत कृषि सम्बन्धी विविध कार्यक्रमका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।
- पशुपंक्षी सेवाको प्रभावकारिता अभिबृद्धि गर्न र पशुपंक्षी कृषकहरुको उच्च मनोबल र पशुपंक्षीको आन्तरिक उत्पादन गर्न, लगायत पशुपंक्षी सम्बन्धी विविध कार्यक्रमका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।
- नगरमा निर्माण हुने संरचनाहरुमा गुणस्तर कायम गरि दिगो पूर्वाधार निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित बनाउन वडा कार्यालय र प्रशासनिक भवन लागी जग्गा खरिद गरि प्रशासकिय भवन निर्माण कार्यलाई निरन्तरता दिएको छु ।
- नगरपालिकालाई स्वच्छ, सफा बनाउन फोहोर मैला व्यवस्थापनका लागि डम्पिङ साईटलाई आवश्यक पर्ने जग्गा प्राप्तिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- स्वास्थ्य उपचार सेवालाई प्रभावकारी बनाउन र अस्पताल सम्मको सहज पहुँच र आम नागरिकलाई आपत्कालिन उपचार सेवाका लागि एम्बुलेन्स सेवालाई निरन्तता दिएको छु ।
- कमलबजार नगरपालिका र विभिन्न संघ संस्थाहरु संग साझेदारी गरी विभिन्न कार्यक्रम संचालन गर्न रु २ करोड विनियोजन गरेको छु ।
- नगर भित्रका सडक सरसफाई तथा मर्मत कार्यलाई निरन्तरता दिन सडक बोर्ड साझेदारी तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेट बिनियोजन गरेको छु ।
- आ.ब २०८०/०८१ को असाढ मसान्त सम्म वडा कार्यालयहरु, नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्थाहरुमा विशेष परिस्थिति सिर्जना भई म्याद थप नभएका र आवश्यकताका आधारमा परिचालन गरिएका श्रेणी विहिन तहका कर्मचारीहरुको पारिश्रमिक हाल सम्म भुक्तानी नभएकोले भुक्तानिका लागी आवश्यक बजेटको विनियोजन गरेको छु ।

- नगरपालिकाको कार्यालय बाट भई रहेका सबै प्रकारका सेवा प्रवाह र सुशासन को अनुभुतिका लागि चालु आ.व. मा भए गरेका गतिविधीहरुको निरन्तरताका लागी आवश्यक बजेट को व्यवस्था गरको छु ।

**सभा अध्यक्ष महोदय,**

**सभा सदस्य ज्यूहरु, अन्त्यमा,**

प्रस्तुत बजेट तर्जुमाका क्रममा मार्गदर्शन र अमूल्य सुझाव प्रदान गर्नुहुने नगरपालिका नगर प्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर सभाका सदस्यज्यूहरु, विषयगत समितिका सदस्यहरु, वडा समितिहरु. राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

सबै कमलबजार नगरापलिका बासी आमाबुबा, दाजुभाई, दिदी बहिनीहरुलाई कमलबजारको विकास तथा कमलबजार बासी नागरिकको जीवनस्तरमा सुधार ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

# धन्यवाद ।

शारदा कुमारी विष्ट
नगर उपप्रमुख
तथा
बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक